# कोषको सूचना विभिन्न पत्र पत्रिकामा प्रकाशन गर्ने सम्बन्धी

## सिलवन्दी बोलपत्र आह्वान

(गोरखापत्रमा प्रथमपटक प्रकाशित मिति २०७५/०२/०४)

यस कार्यालयको विभिन्न विभाग तथा शाखा कार्यालयको जानकारीमुलक सन्देश तथा सूचनाहरु आवश्यकता अनुसार विभिन्न दैनिक तथा साप्ताहिक पत्र पत्रिकामा प्रकाशित गर्नको लागि इच्छुक विज्ञापन एजेन्सी, रजिष्टर्ड फर्म, उत्पादक तथा आपूर्तिकर्ताबाट रीतपूर्बकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. कोषको आगामी आ.ब. २०७५/७६ र २०७६/७७ मा कोषको विभिन्न, विभाग, शाखा कार्यालयहरुको सूचना आवश्यकता अनुसार दैनिक तथा साप्ताहिक प्रत्रिकामा तोकिए बमोजिम विज्ञापन प्रकाशित गर्नुपर्नेछ ।

२. योग्य विज्ञापन एजेन्सी, रजिष्टर्ड फर्मले फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर **(PAN),** मू.अ.कर (**VAT**) दर्ता प्रमाणपत्रको प्रतिलिपि लगायत अन्य आवश्क कागजात सहित रु. ३०००/- (फिर्ता नहुने) तिरी कोषको पुल्चोकस्थित खरिद शाखावाट दरभाउपत्र फाराम प्राप्त गर्न सक्नेछ ।

३. बोलपत्र फाराममा सम्पूर्ण कुराहरु नछुटाई भरी अंक र अक्षरमा स्पष्टसंग प्रत्येक पत्रपत्रिकाको सूचना प्रकाशन गर्दा दिन कवोल गरेको छुट सहितको मूल्य भरी खामबाहिर **"कोषको सूचना प्रकाशन गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र"** उल्लेख गरी सिलबन्दी (लाहाछाप) गरी कोषको खरिद शाखा पुल्चोकमा वुझाउनुपर्नेछ ।

४. बोलपत्रताले बोलपत्र साथ बोलपत्र सुरक्षण वापतको रकम रु. १,००,०००/ (अक्षेरेपी एक लाख मात्र ), नेपाल इनभेष्टमेन्ट बैंक, पुल्चोकमा रहेको कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सो को सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद कायम रहने गरी कुनै बाणिज्य बैंकले कोषको नाममा जारी गरेको शर्त रहितको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कलै पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने समय र स्थान देहाय बमोजिम हुनेछ । उल्लिखित मितिमा सार्वजनिक विदा परे सो कार्य सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ :

(क) बोलपत्र फाराम कोषको पुल्चोक ललितपुर स्थित खरिद शाखावाट सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म २०७५/०३/०२ सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

(ख) बोलपत्र फाराम दस्तुर बापतको रकम कोषको नाममा रहेको नेपाल इनभेष्टमेन्ट बैंक, पुल्चोकको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(ग) बोलपत्र फाराम कोषको पुल्चोक ललितपुरस्थित कार्यालयमा मिति २०७५/०३/०३ गते १२:१५ वजे सम्ममा वुझाई सक्नुपर्नेछ । प्राप्त सिलबन्दी बोलपत्रहरु सोही दिन १:३० बजे उपस्थित भएका सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा खोलिनेछ ।

(घ) सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. सिलबन्दी भै नआएको, म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, योग्यताका आधारहरु पूरा नभएको, पर्याप्त जमानत (धरौटी) समावेश नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार कोषमा नै सुरक्षित रहनेछ ।

८. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुराहरु बोलपत्र कागजातको बोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कोषको पुल्चोक स्थित खरिद शाखामा सम्पर्क राख्न सकिनेछ । साथै यो सूचना कोषको वेभसाईट www.epfnepal.com.np मा पनि हेर्न सकिनेछ ।


कर्मचारी संचय कोष

खरिद शाखा

पुल्चोक, ललितपुर

**फोन नं. ५०१०१६७**